# सरकारी वकील कार्यालयहरुमा मुद्दा र बहस ब्यबस्थापनमा प्रभावकारीता ल्याउन चाल्नुपर्ने कदमहरु

**महेश शर्मा पौडेल**
**सहन्यायाधिवक्ता**

## १. बिषय प्रवेश

नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा मातहत अधिकृतहरूबाट सरकारको प्रतिनिधित्व गर्ने, नेपाल सरकारको मुख्य कानूनी सल्लाहकारको हैसियतले संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह प्रदान गर्ने, कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने र हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्त संग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तालाई तोकिएको छ । महान्यायाधिवक्ताले आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका अधिकृतलाई सुम्पन सक्ने व्यवस्था छ ।[1] महान्यायधिवक्तालाई सुम्पेको यो संबैधानिक दायित्व निर्वाहकालागि महान्यायाधिवक्ताको कार्यालय , १६ वटा पुनराबेदन सरकारी वकील कार्यालय र ७५ जिल्ला सरकारी वकील कार्यालयहरु संचालनमा रहेका छन् । प्रस्तुत कार्यपत्रमा सरकारी वकील कार्यालयको मुद्दा ब्यबस्थापन र बहस ब्यबस्थापनका सन्दर्भमा केन्द्रित रही हालको अवस्थाको चित्रण गर्दै सुधारका संभावनाहरुबारे उल्लेख गर्ने जमर्को गरिएको छ ।

## २. ब्यबस्थापनको अवधारणा

गैर मानवीय साधनहरुको समुचित उपयोग गर्दै मानिसहरुसंग काम गरेर तिनीहरुलाई तिनीहरुको क्षमताको पूर्ण उपयोग गर्न उत्प्रेरित गरी संगठनका उद्देश्यहरु हाँसिल गर्ने प्रकृयालाई ब्यबस्थपान भनिन्छ । निश्चित संगठनात्मक वातावरणमा , निश्चित उद्देश्यहरुको परिपूर्तिका निमित्त मानवीय, भौतिक र वित्तिय साधनहरुको परिचालन गरेर योजना तर्जुमा गर्ने ,संगठन गर्ने, कार्यसंचालन गराउने र नियन्त्रण गर्ने प्रकृयालाई ब्यबस्थापन भनिन्छ ।[2] बास्तबमा मानवीय र गैरमानवीय श्रोतहरुको गतिशिल र प्रभावकारी रुपमा सामाञ्जस्यता कायम गरी संगठनको लक्ष्य हासिल गर्ने प्रकृयानै ब्यबस्थापन हो । पिटर डकरले ब्यबस्थापनलाई अभ्यासको रुपमा लिई यसलाई जान्नु होइन

---

[1] नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५

[2] युवराज पाण्डे, *सार्वजनिक प्रशासन र सार्वजनिक कार्यको ब्यवस्थापन*, बिद्यार्थि पुस्तक भण्डार, काठमाण्डौ,पृष्ठ २६

गर्नुहो(Management is practice,its essence is not knowing but doing) भनेका छन् ।[3]

### ३. मुद्दा ब्यबस्थापन

बिबादित बिषयमा उजूरी दर्ता भएपछि अन्तिम निर्णय नभएसम्म तत्सम्बन्धमा सुब्यबस्थित रुपमा अपनाइने प्रकृयाहरुको समग्र रुपलाई ब्यबस्थापन भनिन्छ । मुद्दाको दर्ता देखि कार्यान्वयनका चरणसम्म हुने काम कारबाहीमा लाग्ने आवश्यक र उचित समय निर्धारण, सोको लागि दक्ष जनशक्तिको आवश्यकता ,कर्मचारीको निश्चित कार्य विवरण र जिम्मेवारी, काम कारबाही मुल्याकंन र अनुगमन एवं सोको लागि चाहिने प्राबिधिक तथा बौद्धिक सामग्रीको ब्यबस्था जस्ता कुराहरु मुद्दा ब्यबस्थापनमा पर्छन् ।[4]

Prosecutor Case Management System is designed to facilitate the full spectrum of tasks performed by prosecutor office personnel from the initiation of to the closing of a case.[5]

The terms **Legal case management** (LCM) or **matter management** refer to a subset of law practice management and cover a range of approaches and technologies used by law firms and courts to leverage knowledge and methodologies for managing the life cycle of a case or matter more effectively. Generally, the terms refer to the sophisticated information management and workflow practices that are tailored to meet the legal field's specific needs and requirements.[6]
Case management suite for prosecutors offers case tracking, document automation, and more.Document Management, Calendar Management, Conflict Management, Specific Case Type, Expense Tracking, Case Notes, Special Item Tracking, Discovery Management, Questionnaire Component, Document Tagging[7]सरकारी वकील कार्यालयको मुद्दा ब्यबस्थापन सम्बन्धी कार्यमा अनुसन्धान अधिकृतबाट प्रारम्भिक प्रतिबेदन प्राप्त भएपछि शुरु भई अन्तिम फैसला नभएसम्मको लागि सम्पूर्ण कारबाही र चरणमा सम्पादित गर्नु पर्ने कार्यहरु कानुन र कार्यबिधिको पालना गर्दै छिटो, छरितो, सुब्यस्थित रुपमा सिमित जनशक्ति एवं श्रोत साधनबाट अधिकतम उपलब्धि हासिल गर्न अपनाइने कार्य प्रकृयाहरुको समग्र रुपनै मुद्दा ब्यबस्थापन हो । [8] मुद्दा ब्यबस्थापनका सन्दर्भमा देहायका विषयहरु समेटिन्छन् :

---

[3] Peter, Drucker, The practice of management,Heinemann,London,1995
[4] सूर्य प्रसाद कोइराला, coordination for effective case management system in the office of the Attorney General, handouts ( unpublished)
[5] http://www.sdscnet.org/pcms.html
[6] *http://en.wikipedia.org/wiki/Legal_case_management*
[7] http://software.forbes.com/legal-case-management-software
[8] द्रोणराज रेग्मी, कार्यालय ब्यबस्थापन, *मुद्दा ब्यबस्थापन तथा भौतिक बस्तुको संरक्षण र सुरक्षामा सरकारी वकीलको भूमिका,* अप्रकाशित हैण्डआउट

- अनुसन्धान ब्यबस्थापन
- निर्णय ब्यबस्थापन
- अभियोजन ब्यबस्थापन
- बहस,पैरवी,प्रतिरक्षा र साक्षी परीक्षण ब्यबस्थापन
- पुनराबेदन,पुनराबलोकन र निबेदन ब्यबस्थापन
- अभिलेख ब्यबस्थापन
- समय ब्यबस्थापन
- मानव श्रोत ब्यबस्थापन
- परिवर्तन ब्यबस्थापन

## ४. बहस ब्यबस्थापन

बहस ब्यबस्थापन मुद्दा ब्यबस्थापन भित्रको एउटा अंग हो । मुद्दामा पक्ष बिपक्षहरुका तर्फबाट कानुन ब्यबसायीले न्यायकर्ता समक्ष इजलासमा आफ्नो पक्षको भनाई राख्ने, सुनाउने र बुझाउने कार्य गर्दछन् । यही कार्यनै बहस हो । यस्तो बहसलाई स्तरीय, प्रभावकारी र ब्यवस्थित गर्न अपनाइने प्रकृया बहस ब्यबस्थापन अन्तर्गत पर्दछ । अदालतमा वहस गर्न उपस्थित हुनुभन्दा पहिले गरिने अध्ययन देखि अदालतमा गरिने प्रस्तुतीसम्मका चरणहरु बहस ब्यबस्थापनको क्षेत्रमा अटाउँछन् । तसर्थ निम्न बिषयहरु वहस ब्यबस्थापनभित्र पर्दछन् ।

- सामग्री ब्यबस्थापन
- जनशक्ति ब्यबस्थापन
- बहस तयारी ब्यबस्थापन
- टिपोट ब्यबस्थापन
- अदालतमा प्रस्तुती ब्यबस्थापन

## ५. मुद्दा र बहस ब्यबस्थापनसंग सम्बन्धित समस्या

मुद्दा र बहस ब्यबस्थापनका समस्याहरुलाई नीतिगत रुपमा निरुपण हुनुपर्ने समस्या र आन्तरिक रुपमा समाधान गर्न सकिने समस्याको रुपमा औल्याउन सकिन्छ । त्यस्ता समस्याहरु देहायबमोजिम रहेका छन् ।

### ५.१ नीतिगत रुपमा समाधान हुनुपर्ने समस्याहरु

**ब्यबसायिकताको मान्यता नहुनु**

पिडकलाई सजाय र पिडितलाई न्याय प्रदान गर्ने, अपराध नियन्त्रण गर्ने, सरकारलाई कानुनी सल्लाह प्रदान गर्ने, मानवअधिकारको पहरेदार बन्ने समेतका कार्य गरी कानूनको शासन कायम गर्ने सरकारी वकील कार्यालयको स्थापना गरिएको हो । सरकारी वकील कार्यालयबाट सम्पादित हुने यी कार्यहरुमा सरकारी वकीलहरुको अहं भूमिका रहन्छ । सरकारी वकील न्याय सम्पादनका अभिन्न अंग हुन् ।

सरकारी वकीलको संलग्नता बिना न्याय सम्पादनको कार्य अधुरोमात्र होइन संभव समेत हुदैन । न्याय र कानूनको शासनको आदर्शलाई ब्यबहारमा रुपान्तरण गर्न तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्न सरकारी वकीलको भूमिका महत्वपूर्ण हुन्छ । [9] सरकारी वकीलको सेवाको प्रकृति देहायको हरफहरुबाट पनि थप प्रष्ट हुन्छ ।

"Public prosecutors" are public authorities who, on behalf of society and in the public interest, ensure the application of the law where the breach of the law carries a criminal sanction, taking into account both the rights of the individual and the necessary effectiveness of the criminal justice system.[10]

The Public Prosecution Service represents the State, takes criminal action, ensures the defence of minors, absentees and legally incompetent persons, upholds democratic legality and promotes law enforcement. [11]

Public prosecutors play a key role in the criminal justice system. By their actions in advising on investigations, deciding on whether prosecutions are to be brought, prosecuting those who are accused of criminal offences and assisting the courts in sentencing, prosecutors uphold the rule of law and deliver justice for and on behalf of their communities.[12]

The prosecutor's principal role is to assist the court to arrive at the truth and to do justice between the community and the accused according to law and the dictates of fairness. A prosecutor is not entitled to act as if representing private interests in litigation. A prosecutor represents the community and not any individual or sectional interest. A prosecutor acts independently, yet in the general public interest.[13]

सरकारी वकीलको ब्यबसाय काम जानेको छु भनेर ढुक्क बस्न सकिने खालको हुदैन । बिज्ञान, सूचना प्रबिधिको विकास र समयको गतिशीलता एवं पविर्तनसंगै कानून , विवादका परिस्थिति र प्रकृति बदलिनछन् । हिजो नसुनेको बिषय आज कामसंग मितेरि गास्न आईपुग्छन् । आफूलाई सदैव अद्याबधिक र परिस्कृत रुपमा राख्नुपर्ने सरकारी वकील सेवाको प्रकृति हो । सुधारिएको नियुक्ति बिधि र कानुनी तथा ब्यबसायिक तालिम एवं नयाँ स्वरुप र आयामका अपराध बिरुद्ध भूमिका निर्वाह गर्न सक्ने गरी तथा आवश्यक सवै श्रोत साधनद्धारा अभियोजनकर्ताले आफ्ना काम कर्तब्य पूरागर्न आवश्यक सबै पेशागत योग्यता सुनिश्चित गर्नुपर्ने र अभियोजनकर्ताका रुपमा छनौट हुने ब्यक्तिहरु उचित

---

[9] महेश शर्मा पौडेल र कृष्णजीवी घिमिरे, *कानुन* , नेपाली सरकारी वकील सम्बन्धी तुलनात्मक अध्ययन,कानुन ब्यबसायी क्लव,अंक ७९

[10]Committee of Ministersof the Council of Europe, *THE ROLE OF PUBLIC PROSECUTIONIN THE CRIMINAL JUSTICE SYSTEM*, Recommendation ,19 ,*6 October 2000*

11 *THE STATUTE OF THE PUBLIC PROSECUTION SERVICE 2005,www.easttimorjournal.org*

**12** *Statement of Ethical Principles for the Public Prosecutor,www.cps.gov.uk*

[13] Prosecution Guidelines of the Office of the Director of Public Prosecutions for New South Wales, Sydney 1 June 2007,at 5

तालिम र योग्यतासाथ निष्ठा र क्षमतायुक्त मानिस हुनेछन् भन्ने अन्तराष्ट्रिय कानूनी संयन्त्रले[14] गरेको मार्गदर्शनबाट सरकारी वकीलको सेवा बिशिष्ट ब्यबसायिक सेवाको रुपमा अन्तर्राष्ट्रिय स्तरमा स्थापित हुन पुगेको छ । अन्तर्राष्ट्रिय रुपमा स्थापित यो मान्यता र स्तरमा हामी कहाँ छौ भन्ने हाम्रो अगाडीको पेचिलो समस्या हो ।

बिशेष तालिम वा सीप वा खास गरेर उच्चस्तरको शिक्षाको खाँचो पर्ने खालको पेशालाई प्रोफेशन (A paid occupation, esp one that requires advanced education and training) र त्यस्तो पेशा वा बिशेष सीप वा खासगरी उच्चस्तरको शिक्षा आवश्यक पर्ने पेशामा आबद्ध रहेको ब्यक्तिलाई ब्यबसायिक (A highly skilled and experienced person)[15] भनिने तथा प्रोफेशनल ब्यक्तिलाई उच्च स्तरको तालिम र कार्यदक्षता आवश्यक पर्ने (A person who belongs to a learned profession or whose occupation requires a high level of training and profecency)[16] भएकाले सरकारी वकीलले सम्पादन गर्ने कार्य पनि सोही प्रकृतिको भएकोले सरकारी वकीललाई प्रोफेशनल भनिन्छ । अझ भनौ सरकारी वकीललाई प्रोफेशनलका अन्तरनिहित रहनु पर्ने देहायका गुण[17] आवश्यक पर्ने भएकोले सरकारी वकीलको सेवा पनि ब्यबसायिक सेवा हो ।

- बिशिष्ट ज्ञान (Specialised knowledge)
- कुशलता (Competencies)
- परिणाम माथि जोड (Focus on outcomes)
- कार्यसंग सम्बन्धित नैतिक मानकहरु (Work releted ethical norms)
- आत्म नियन्त्रण (Self regulation)
- जनताको बिश्वास (Public trust)
- कार्य स्वतन्त्रता (Autonomy in their Activities)

सर्वोच्च अदालतले महान्यायाधिवक्ता लगायत सरकारी वकीलहरु ब्यबसायिक ब्यक्ति भएको कुरालाई स्थापित गरेको[18] भएपनि कानूनद्वारा यसलाई संस्थागत गर्न सकिएको छैन । साथै ब्यबसायिक ब्यक्तिले पाउने सुबिधा, सहुलियत, मान्यता र उनीहरुको क्षमता विकास राज्यबाट हुन सकेको छैन । राज्यबाट उपेक्षित रुपमा रहेको मात्र होइन राज्यबाट अन्यायमा परेको अनुभूति सर्वत्र गरिएको छ । यसले गर्दा सरकारी वकीलको मनोवल कमजोर हुन पुगेका कारण मुद्दा तथा वहस लगायत सरकारी वकीलले सम्पादन गर्ने काममा पनि प्रत्यक्ष प्रभाव परेको छ । यहीनै अहिलेको सबैभन्दा डरलाग्दो चुनौति र संबोधन हुनुपर्ने समस्या हो । मुद्दा र बहस ब्यबस्थापनको चर्चा गर्दा यो समस्याको यो केन्द्रीय पक्षलाई अलग गरेर अरु पक्षहरुको चर्चालेमात्र पूर्णता पाउदैन । सरकारी वकीलले सम्पादन गर्ने कार्य व्यवसायिकताको दृष्टिले अन्य कुनै पनि पेशा, सेवा भन्दा फरक रहेकोले नै विश्वव्यापी रुपमा सरकारी

---

[14] *Guidelines on the role of prosecutors* , 1990,Preamble and article 1

[15] *Oxford Advanced Learners Dictionary*, Fiftth edition, Oxford university Press,1996, at224

[16] Shanker Kumar shrestha ,*Dictionary of Law and justice* ,Pairavi Prakashan, Kathmandu,2004,at 621

[17] युवराज पाण्डे , *सार्वजनिक प्रशासन र सार्वजनिका कार्यको ब्यबस्थापन*, बिद्यार्थि पुस्तक भण्डार , काठमाण्डौ, २०६१, पृ ३०७

[18] बद्री बहादुर कार्की बिरुद्ध अ.दु.अ.आ. समेत, ने.का.प.२०५८ पृ२३९ र मधुसुधन भट्टराई बिरुद्ध नरेन्द्र बहादुर चन्द समेत ने.का.प. २०५९, पृ २१०

वकीलको सेवा, पेशालाई अति महत्वका साथ हेरिने गरेको पाइएको छ । यही कारणले कतिपय मुलुकमा न्यायाधीश सरह सुविधा र हैसियत राज्यले उपलव्ध गराएको पाईन्छ भने कतिपय मुलुकमा न्यायाधीशको भन्दापनि बढी सुविधा प्रदान गरेको पाइन्छ । उदाहरणको लागि एशियाली मुलुकको जापानमा सरकारी वकीलको हैसियत, योग्यता र तलब सुविधा न्यायाधीश सरह रहेकोछ । Public prosecutor have a status equivalent to that of judges in terms of qualification and salary.[19] सरकारी वकीलको स्वतन्त्र र स्वच्छ रुपमा काम गर्नसकुन भनि न्यायाधीश सरह नियुक्ति र सुबिधाको ब्यबस्था गरिएको छ । यस सन्दर्भमा देहायका तथ्यबाट यो अझ बढी प्रस्ट हुन्छ । Public prosecutor is required to have the same qualifications and appointment as judge.[20] यसै गरी कोरीयामा पनि सरकारी वकीललाई न्यायाधीशको समानान्तर हैसियतमा राखिएकोछ । साथै सरकारी वकीलको सेवा शर्तको सुरक्षामा पनि उच्च सतर्कता अपनाइएको दखिन्छ । The status of public prosecutor, like that of the judge, is guaranteed by law. The public prosecutor may not be dismissed or suspended from the exercise of his/her power or be subject to a reduction in salary other than through impeachment ,conviction of crime punishable by imprisonment or more severe penalties or other disciplinary action based on relevant laws and regulation.[21] यसका साथै युरोपेली मुलुकमा पनि सरकारी वकील र न्यायाधीशको पारिश्रमिकमा कतै समान, कतै बढी र कतै ज्यादै न्यून अन्तर रहेको देखिन्छ । युरोपका उन्नाइसवटा मुलुकमा सेवाको सुरुआतमा दुवैको समान पारिश्रमिक, ९ वटा मुलुकमा ज्यादै न्यून अन्तर (०.२ प्रतिशत) र ६ वटा मुलुकमा न्यायाधीशको भन्दा केही बढी सरकारी वकीलको पारिश्रमिक रहेको पाइएको छ ।[22] युरोपेली मुलुकका न्यायाधीश र सरकारी वकीलको पारिश्रमिक विवरण अनुसूची १ मा दिइएको छ ।

**रणनीतिक योजना तर्जुमा हुन नसक्नु**

प्रारम्भमा शैनिक जनरलको जिम्मेवारी पुरागर्ने कलाको रुपमा लिइएको रणनीतिलाई १९२० देखि ब्यबसायिक क्षेत्रमा प्रयोग गरिएको र सार्वजनिक प्रशासनमा १९७० को दशकदेखि प्रयोग आरम्भ भई नेपालमा पनि प्राय धेरैजसो संगठनमा यसले प्रवेश पाईसकेको भएपनि महान्यायाधिवक्ताको कार्यालयमा हालसम्म यसको तर्जुमा र कार्यान्वन हुन सकेको छैन । २०६२ सालमा रणनीतिक योजना तर्जुमाको अधिकांश कार्य भएपनि त्यसले पूर्णता पाउन नसक्दा कार्यान्वयनमा जानै सकेन । रणनीतिक योजना संगठनको उद्देश्य पूर्तिका लागि के कसरी कार्यसम्पादन गर्ने र श्रोत र साधन कसरी परिचालन गर्ने भन्ने सम्बन्धमा दिर्घकालिन योजना हो । यो बास्तबमा गन्तब्यको पहिचान सहित यात्राको तयारी पनि हो भन्न सकिन्छ । Alfred D. Chandler sf zAbdf Strategy is determination of the basic long terms goals and objectives of an enterprise and the adoption of course action and the allocation of resources necessary for carrying out these goals. योजना विहिन यात्रा वा कार्यले सफलतालाई चुम्न सक्दैन । व्यवस्थापकीय कौशलको प्रयोग गरी सीमित स्रोत

[19] United nation Asia and Far east institute for the prevention of crime and treatment of offenders , *Criminal Justice in Japan* at 5(unpublished)
[20] http://www.courts.go.jp
[21] http://www.spo.kr.user.tdf
[22] www.coe.int/cepej, European commission for the efficiency of justice- European judicial system edition 2008(data 2006) efficiency and quality of justice

साधनका बीच निर्धारित गन्तव्य हासिल गर्नका लागि आवश्यक रणनीति सहितको योजना रणनीतिक योजना हो । यसले आफ्नो परिवर्तनको चाहना र वाह्य वातावरणमा हुन सक्ने परिवर्तनलाई समेत आँकलन गर्दै लक्ष्यमा पुग्ने कोशिस गर्दछ । यस अर्थमा यो सामान्य योजना वा दीर्घकालीन योजना भन्दा फरक छ । यसले छरपष्ट भएका प्रयत्नहरुलाई एकीकृत गरी नतिजा र कार्यसम्पादन सूचक निर्धारण गर्ने तथा संगठनलाई निश्चित लक्ष्यतर्फ डोऱ्याउने र निश्चित समयभित्र लक्ष्य हासिल गर्ने प्रयत्न गर्दछ । यो यस्तो निर्देशिका हो, जसले परिवर्तनका प्रयासहरुलाई निष्फल पार्ने हरेक सम्भावनाहरुप्रति उत्तिकै दृष्टि पुऱ्याउँछ । यसले प्रतिकूल परिस्थितिको सामना गर्ने तथा जोखिमहरु न्यूनीकरण गर्दै लक्ष्यमा पुग्न वैकल्पिक उपायहरु अपनाउन सकिने सम्भावनालाई स्वीकार गर्छ ।[23] यसैले रणनीतिक योजनाको अभाव हुनु पनि मुद्दा र बहस ब्यबस्थापनलागि अबरोधको रुपमा रहेको छ ।

## स्रोत साधनको अपर्याप्तता

सरकारी वकील कार्यालमा श्रोत साधनको अपर्याप्तता लामो समयदेखि सर्वत्र उजागर तर संबोधनहिन समस्याको रुपमा रहेको छ । समयका क्रममा र ब्यक्तिगत पहलले तुलनात्मक रुपमा बिगतभन्दा बजेट बिनियोजन केही बढी भएपनि यो पर्याप्त छैन । कुल  खर्चको ०.०८ प्रतिशत मात्र सरकारी वकील कार्यालयका लागि बिनियोजन गरिएको छ ।[24] कुल कार्यालय ९२ , सरकारी वकीलको संख्या २४२ र कुल कर्मचारीको संख्या ८६१ र जम्मा १८९६५ मुद्दा  रहेको संगठनमा आजको सूचना प्रबिधिको युगमा १११ वटा कम्प्युटर, २० वटा फोटोकपी मेसिन र १९ थान फ्याक्स मेसिन रहेको छ । अझैपनि करिब आधा अर्थात ३२ जिल्ला सरकारी वकील कार्यालयम कम्प्युटर छैनन् ,करिब नेपालबाटै बिस्थापित हुन लागेको परम्परागत टायपराइटार हाम्रो अनन्य मित्र रहेका छन् । नक्कलसंग खेलिरहनुपर्ने प्रकृतिको काम रहेको तर जम्मा ६वटा जिल्ला सरकारी वकील कार्यालयमा मात्र फोटोकपी मेसिन रहेको र ७५वटै जिल्ला सरकारी वकील कार्यालयमा फ्याक्स मेसिनको अभाव छ । कुनैपनि जिल्ला सरकारी वकील कार्यालयमा मोटर छैनभने मोटरसाइकाल २३ जिल्लामा मात्र छन् । अध्ययन नै यस पेशाको चारित्रिक विशेषता रहेको तर केहि नगन्य पुस्तक रहेपनि कुनैपनि जिल्ला सरकारी वकील कार्यालयमा पुस्तकालय नरहेको अवस्था छ ।[25] यस्तो दयनीय भौतिक पूर्वाधार प्रभावकारी मुद्दा र बहस ब्यबस्थापनमा बाधकको रुपमा रहेका छन्

## अत्यधिक कार्यबोझ

सरकारी वकीलको कार्यबोझ अतिनै रहेको । कार्यालमा मात्र होइन घरमा पनि जाग्राम बसेर अध्ययन गर्नुपर्ने बाध्यता रहेको छ । दिउँसोको समयमा कार्यालयमा गरिने अनुसन्धान पक्षसंग सम्वन्धित कार्यहरु, मुद्दा चल्ने, नचल्ने, अभियोजन गर्दाको तयारी, मुद्दामा पुनरावेदन गर्ने, नगर्ने, विभिन्न निकायबाट प्राप्त हुने कानूनी राय सम्वन्धी विषय, अदालतमा पेश गर्नु पर्ने विभिन्न निवेदन प्रतिवेदन लगायतका कार्य र अदालतमा गर्नु पर्ने बहस, पैरवी प्रतिरक्षामा पुरै दिन व्यस्त रहनुपर्छ भने भोलिपल्टको मुद्दा बहस पैरवी, प्रतिरक्षाको लगि १० बजे नै इजलाश लाग्ने हुदा घरमा लगेर मिसिल

---

[23] न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०६६/६७–२०७०/७१

[24] अर्थ मन्त्रालय, आर्थिक बर्ष २०६६। ६७ को बजेट बक्तब्यको अनुसूची ७, पृष्ठ ७९

[25] महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिबेदन २०६५।६६ का आधारमा विश्लेषण गरिएको

अध्ययन नगरी उपाय नै हुँदैन ।[26] सरकारी वकील कार्यालयहरूको कार्यबोझमा क्रमशः वृद्धि हुँदै गएको र सरकारी वकीलहरूले नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, कार्यालय तथा छानवीन समितिहरूमा रही कार्यसम्पादन गर्दै आएका छन् । कार्यबोझ र जिम्मेवारीमा आएको विस्तार अनुरूप दरबन्दी थप नभएकोले सरकारी वकीलहरूको कार्य प्रकृति कार्यबोझ तथा कार्यविशिष्टीकरण समेतलाई ध्यानमा राखी मौजुदा दरबन्दीमा पुनरावलोकन गर्नु पर्ने देखिन्छ । सरकारी वकीलका काम, कर्तव्य र जिम्मेवारीहरु दिन प्रतिदिन वढदै गएको, मुद्दाको संख्या वढेका कारण अदालतमा न्यायाधीशहरुको दरबन्दी वढेको समेत कारणले गर्दा विद्यमान दरबन्दी संख्यामा पुनरावलोकन भै नयां दरबन्दी संख्या कायम गरिनु पर्ने तथ्यलाई अध्ययन प्रतिबेदनले पनि औल्याएको छ ।[27]

यसैगरी गतबर्ष महान्यायाधिवक्ताको कार्यालय र मातहतका पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट सुरु मुद्दा दायरी, निवेदन दायरी, पुनरावेदन दायरी, मुद्दा मामिलामा निर्णय निकासा, बहस पैरवी, प्रतिरक्षा, निवेदन सम्बन्धी तथा कानूनी राय प्रदान गर्ने सम्बन्धमा सम्पादित कार्यहरूको एकमुष्ट जिम्मेवारी विवरणलाई हेर्दा अदालतमा सुरु मुद्दा दायरी, पुनरावेदन दायरी, निकासा, बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दाहरूको संख्या ३०,९७४ थान, निवेदन दायरी सम्बन्धी सम्पादित काम संख्या ४०७ थान, मातहतका कार्यालयहरूबाट पुनरावेदन गर्ने नगर्ने, मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने नगर्ने प्रस्तावित मिसिल कागजात अध्ययन गरी निर्णय एवं निकासा प्रदान गर्ने सम्बन्धी सम्पादित काम संख्या ६,३५१ थान र कानूनी राय प्रदान गरेको संख्या ८५ थान गरी कुल ३७,८१७ थान कामको जिम्मेवारी बहन भएको देखिन्छ । सरकारी वकीलहरुको कार्यबोझ देहायका तथ्याकंबाट[28] पनि पुष्टि हुन्छ ।

| कार्यालय | सरकारी वकील | सम्पादित कार्य | प्रति सरकारी वकील कार्य बोझ | कैफियत |
|---|---|---|---|---|
| म. न्या. का. | 18 | 9764 | 542.44 | |
| पु.स.व.का. - १६ | 61 | 9033 | 148.08 | |
| जि.स.व.का. - ७५ | 116 | 19020 | 163.97 | |

यो तथ्याकंका अलावा बास्तविक कार्यबोझ अझ बढ्ने देखिन्छ । २५सरकारी वकीलको पद रिक्त रहेको, केही सरकारी वकील अध्ययनमा रहेको र केही दरबन्दी नभएको ठाउँ र आयोग समितिहरुमा खटिने गरेको तथा बिदा, काज, गोष्ठिमा सहभागिताले करिव २५ प्रतिशत कार्यबोझ सोही तथ्याकंका आधारमा बढ्ने देखिन्छ भने अर्को तर्फ एउटै मुद्दामा पटक पटक बहस गर्नुपर्ने र अन्य काम पनि गणना गर्दा बास्तबिक कार्यबोझ यो तथ्याकंभन्दा निकैबढी हुने अवस्था छ । यसरी एकातर्फ अत्याधिक कार्यबोझले गुणात्मक पक्षलाई हानी पुऱ्याउने भएकाले प्रभावकारी रुपमा मुद्दा र बहस ब्यबस्थापनमा

[26] नायब महान्यायाधिवक्ता राजनारायण पाठकको संयोजकत्वमा सहन्यायाधिवक्ता द्धय महेश शर्मा पौडेल र कष्णजीबि घिमिरे रहेको मानन्नीय महान्यायाधिवक्ताज्यू समक्ष महान्यायाधिवक्ताको पारिश्रमिक सुविधा र सेवा शर्त सम्बन्धी ऐन र सरकारी वकील सम्बन्धी ऐनको मस्यौदामा सामयिक परिमार्जन गर्न गठित समितिले पेश गरेको प्रतिवेदन,२०६६, पृष्ठ ४

[27] महान्यायाधिवक्ताको कार्यालय र यस मातहतका कार्यालयको समग्र संरचनाको संगठन र व्यवस्थापन सर्वेक्षण, पृष्ठ २

[28] महान्यायाधिवक्ताको बार्षिक प्रतिबेदन २०६५।६६ पृष्ठ १०-११

समस्या सृजना हुन पुगेको छ भने अर्को तर्फ कार्यबोझका आधारमा हालको दरबन्दी बितरण पनि बैज्ञानिक हुन सकको छैन ।

## सूचना प्रबिधिको पाटो उपेक्षित

अहिलेको युग सूचना प्रविधिको युग हो । सूचना शक्ति पनि हो । इन्टरनेटबाट बिभिन्न वेवसाइटमा रहेका ज्ञानको भण्डारको उपयोग गर्ने, सरकारी वकील कार्यालयबाट सम्पादित काम लगायत आवश्यक अभिलेख, सूचना एवं तथ्याङ्क व्यवस्थापन, संकलन र संरक्षणको लागि सूचना सञ्चार प्रविधिको प्रयोग जरुरी हुन्छ । क्लिक बाट सन्सार जान्न सकिने,पढ्न सकिने र बुझ्न सकिने र सूचना हासिल गर्न सकिने विज्ञानका आविष्कारलाई हामीले आत्मसात गर्न सकेका छैनौ । बहस प्रतिश्पर्धापनि हो । प्रतिश्पर्धाका लागि शक्ति चाहिन्छ । हाम्रो सेवाको शक्ति सूचना र ज्ञाननै हो तर त्यसको आर्जनको सरल माध्यमबाट हामी प्राय बन्चिति छौ । प्रतिश्पर्धामा बाच्न नसक्नेहरु डार्विनले भने झै हराएर जान्छन् । समयलाई बुझ्न नसकेमा कतै हामी पनि हराएर जानेत होइनौ ? प्रश्न पेचिलो रुपमा उपस्थित रहेको छ । सूचना र प्रविधि मुद्दा र वहस ब्यबस्थापनकालागि अनिबार्य छ । सानो उदाहरण लिउँ, पटकेको अभिलेख नहुँदा अभियुक्तले सजाय नपाएको तथ्य हामीले दैनिक भोगिरहेकै छौ ।

## समयानुकुल मानव श्रोतको विकास नहुनु

संगठनलाई कुन कुन समयमा के कस्ता योग्यता, ज्ञान, सीप, अनुभव, व्यवहार भएको जनशक्तिको आवश्यकता छ र त्यसलाई उचित समयमा पर्याप्त संख्यामा कसरी प्राप्त गर्ने र क्षमता एवं रुची अनुसारको जिम्मेवारी तोक्ने भन्ने व्यवस्थित योजना तयार गरी त्यसको प्रभावकारी कार्यान्वन हुन सकेमा मात्र वाञ्छित उपलव्धी हासिल हुन सक्छ । महान्यायाधिवक्ताको कार्यालयको संस्थागत विकास एवं मानव संसाधन विकासको निमित्त योजना तयार गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउने तर्फ पर्याप्त ध्यान नपुग्नाले अपेक्षित रूपमा कार्यमा स्तरीयता एवं एकरूपता आउन सकेको छैन । न्याय सेवा तालिम केन्द्रबाट न्याय सेवाका अधिकृतहरूलाई सेवा प्रवेश तालिम दिइने भए पनि उक्त तालिम सामान्य प्रकृतिको भएको र त्यसले सरकारी वकीलको व्यावसायिकताको विकासमा खासै महत्व दिन सकेको छैन । सरकारी वकीलको सेवासँग सम्बन्धित छुट्टै आधारभूत तालिम दिने गरिएको छैन । नव प्रवेशी सरकारी वकीलहरूलाई सेवा सम्बन्धी आधारभूत तालिम विना नै सरकारी वकीलको जिम्मेवारी दिइँदा काममा स्तरीयता नहुनु स्वभाविकनै हो । [29]यसका साथै समयानुकुल र नया अपराधलाई संबोधन गर्न सक्ने जनशक्ति विकास गर्न नसकिएको र परम्परागत रुपमा काम भइरुहेको अबस्था छ ।

## अन्य

बहस र मुद्दा ब्यबस्थापनका क्रममा थुप्रै समस्याहरु रहेका छन् , नीतिगत रुपमा संबोधन हुनुपर्ने थप केही समस्या देहाय बमोजिम छन् :

- न्यायिक परीक्षणको ब्यबस्था नहुनु

[29] महान्यायाधिवक्ताको बार्षिक प्रतिबेदन २०६५।६६ पृष्ठ ६८-६९

- ब्यबस्थापनका नवीन मान्यताहरु भित्रिन नसक्नु
- बैज्ञानिक रुपमा मुद्दाको पृथकीकरण नहुनु
- हाम्रा सेवाग्राहीको उनीहरुकै विवादमा अपनत्व र प्रतिरक्षाको महत्व महसुश नहुनु
- साक्षी संरक्षण सम्बन्धी कानुनको अभाव र साक्षीहरुको बकपत्र नहुने प्रबृत्ति डरलाग्दो रुपमा बृद्धि हुनु

## ५.२ कार्यान्वयनस्तरमा समाधान हुन सक्ने समस्याहरु

कार्यान्वयन वा नीतिगत भन्दा पनि कार्यान्वयनस्तरबाटै समाधान गर्न सकिने समस्या वा आन्तरिक रुपमानै हल गर्न सकिने समस्याहरु देहाय बमोजिम चित्रण गरिएकोछ :

- अनुसन्धानमा अपेक्षित भूमिका निर्वाह हुन नसक्नु
- सरकारी वकील दिग्दर्शन, २०६३ लगायत उपलब्ध सामग्रीको अधिकतम प्रयोग हुन नसक्नु
- समय ब्यबस्थापनको पक्षप्रति उदासिनता
- नक्कल ब्यबस्थापन समुचित रुपमा हुन नसक्नु
- कमजोर अभिलेख ब्यबस्थापन
- अभियोजनकर्ता र अनुसन्धानकर्ताबीच राम्रो समन्वय नहुनु
- अनुसन्धानमा कमजोरी रहनु
- केही मुद्दाहरुमा हदम्याद कम हुनु
- कतिपय अवस्थामा अभियोजनमा असम्बद्ध कानुनको प्रयोग
- अभियोजन, निबेदन, पुनराबेदन, पुनराबलोकन र दोहोऱ्याउने बिषयमा आन्तरिक समन्वयका कारण विभागीय निकासमा एकरुपता नहुनु
- मुद्दासंग सरोकार राख्ने अन्य निकायसंग समन्वयको अभाव
- अदालतबाट भएका फैसला समयमा नआउनु र तिनीहरुलाई सबै सरकारी वकीलको पहुँचको संयन्त्र विकास नहुनु
- कार्यबिशिष्टिकरणको अभाव
- भएका पुस्तकको उपयोग कम हुनु र उपलब्ध कम्प्युटर पनि अधिकतम रुपमा टाईपको काममा मात्रै सिमीत हुनु
- बहसमा पर्याप्त तयारीको अभाव
- प्रस्तुतीकरणजन्य समस्याहरु
- साक्षी परीक्षणको पाटोमा उदासिनता

## ६. प्रभावकारी मुद्दा ब्यबस्थापन र बहस ब्यबस्थापनका लागि उपायहरु

कुनै पनि रोगको उपचारभन्दा पहिले रोगको पहिचान आवश्यक भएजस्तो समस्याहरुको पहिचान पहिलो आवश्यकता हो । माथि मूलभूत रुपमा समस्याहरु औल्याएको  छ । उल्लिखित समस्याहरुलाई

संबोधन गरिएमा मुद्दा ब्यबस्थापन र बहस ब्यबस्थापनमा रहेका समस्याहरु समाधान हुनेछन् । यी समस्या समाधानका लागि केहि अध्ययन पनि भएको देखिन्छ । रणनीति योजना तर्जुमा गर्ने क्रममा पनि यस सम्बन्धका केही उपाय सुझाइएका छन्[30] , जो निम्नानुसार छन् :

- दरबरन्दी भएका निकायमा मात्र सरकारी वकील खटाउन ब्यबस्था गर्ने
- आवश्यक दरबन्दीको सृजना गर्ने
- सेवाप्रति आर्कषण गर्न प्रोत्साहन प्याकेजको ब्यबस्था गर्ने
- कार्यसम्पादनका आधारमा दण्ड र पुरस्कारलाई प्रभावकारी र ब्यबहारिक बनाउने
- कामको प्रकृति अनुसार भौतिक साधन श्रोतको उचित मात्रामा ब्यबस्था गर्ने
- प्रोत्साहन भत्ताका साथै बहसभत्तालाई समायानुकुल बृद्धि गर्ने
- उच्च शिक्षा अध्ययन तालिम, देश बिदेशमा अध्ययन, अनुसन्धान। अवलोकनको ब्यबस्था गर्ने
- सम्बन्धित निकायलाई प्रतिरक्षाको महत्वबारे जानकारी दिलाउने
- सरकारी वकीललाई प्रतिरक्षा गराउने निकायले ब्यबसायिक महत्व दिन कार्य गर्ने
- प्रमाणको पर्याप्त मूल्याकंन गरी अभियोजन गर्ने
- हदम्याद सम्बन्धी कानून  परिमार्जन गर्ने
- अपराध सम्बन्धी एकीकृत कानुन निर्माण गर्ने
- साक्षी संरक्षण र सुबिधा दिने कानुनी ब्यबस्था गर्ने र साक्षी परीक्षणमा सरकारी वकीलनै जिम्मेवार बनाउने
- आन्तरिक समन्वयको ब्यबस्था गर्ने
- अध्ययन र अनुसन्धानमा आधारित संस्थागत विकास योजना तयार गर्ने
- जनशक्ति योजना र जनशक्तिलाई विशिष्टिकरण गर्ने

**मुद्दा व्यवस्थापनका सन्दर्भमा आन्तरिक अध्ययन पनि भएका छन् । सो अध्ययनबाट मुद्दा ब्यस्थापनमा देहायका सुझाव दिइएका छन् :[31]**

- मुद्दाको प्रकृति, मुद्दाको गंभीरता र मुद्दाको आयतन हेरी त्यसमा खपत हुने वहसको समय र त्यहां लाग्ने श्रम समेतका आधारमा मुद्दाको वर्गीकरण गर्ने र योजनाको आधारमा महाशाखा तथा शाखाहरु विभाजन गर्ने । उदाहरणमा भ्रष्टाचार तर्फका कीर्ते प्रमाणपत्र लागि साधारण प्रकृतिमा र अन्यलाई विशेष प्रकृतिमा छुट्याउने । यसै गरी संवैधानिक, सार्वजनिक हित विवाद एवं विशेष लगाउका मुद्दाहरु ठूला मुद्दामा समावेश गर्ने ।

---

[30] The Office of the Attorney General and Government Attorneys Strategic Plan fiscal year: 2006/07- 2010/11 ( Draft)

[31] नायब महान्यायाधिबक्ता राज नारायण पाठकको संयोजकतवमा महान्यायाधिवक्ताको कार्यालयको काम, कर्तव्य र अधिकारलाई अझ वढी प्रभावकारी, जनउत्तरदायी एवं व्यवस्थित बनाउन समस्याको पहिचान, समाधानका उपयुक्त तात्कालीन एवं दीर्घकालीन उपायहरु समेत सुझाव गर्न गठित समितिको प्रतिवेदन,२०६६,पृष्ठ ११-१२

- प्रतिरक्षा तर्फका मुद्दाहरुमा पनि सरकारी हानी नोक्सानी भएको विगो वा सरकारलाई नोक्सान पर्न जाने संभावना भएमा वा सरकारले क्षतिपूर्ति वहन गर्नु पर्ने प्रकृतिका मन्त्रालय, विभाग, समिति, आयोग, आयोजना, परियोजना, संस्थान, प्रतिष्ठानसँग सम्वन्धित मुद्दाहरुलाई पनि मुद्दाको प्रकृति गंभीरता र आयतनको आधारमा जनशक्ति व्यवस्थापन गर्नु पर्ने ।
- मुद्दाको प्रकृतिको हिसावले कम्तीमा आठ वटा महाशाखाहरु कायम हुनु पर्ने र ती विभागहरुमा क्रमशः नायव महान्यायाधिवक्ताको दरवन्दी कायम गर्दै जानु पर्ने ।
- उपत्यकाका सरकारी वकील कार्यालयहरु प्रहरीको प्रभागको हिसावले काम हेर्ने गरी नया शिरावाट अभियोजन एवं पैरवीको व्यवस्था मिलाउने ।
- जिल्लावाट प्राप्त हुने मिसिल सम्वन्धमा एउटा छुट्टै निर्देशिका (Guideline) तयार गरी मोफसलका कार्यालयहरुमा पत्राचार गर्ने ।
- निकासाका लागि प्राप्त फाइलहरु जुन सरकारी वकील मार्फत निकासाको लागि उठान हुन्छ सोही वकील मार्फत नै उक्त फाइल फिर्ता पठाउने व्यवस्था गर्न उपयुक्त हुने ।
- मुद्दाको लगत कट्टा गर्दा फैसला प्राप्त भएपछि मात्र गर्ने व्यवस्था मिलाउने ।
- थुनछेक आदेशमा ७ दिन भित्र वहस गर्ने सम्वन्धित सरकारी वकीलले सम्वन्धित इजलासको आदेशको नक्कल लिई मुलुकी ऐन अ.वं. १७ नं. एवं न्याय प्रशासन ऐन, २०४८ को दफा १७ बमोजिम आवश्यक कार्यवाही गर्ने र सो नलिएमा वा कार्यवाही नगरेमा सम्वन्धित सरकारी वकीललाई जिम्मेवार गराउने ।
- फैसलाको प्रतिलिपि समयमा प्राप्त नभएको खण्डमा फैसला भएको तीन महिना भित्र प्राप्त गरी समयमा पुनरावेदन वा निवेदन सम्वन्धी आवश्यक कार्यवाही गराउने ।
- सर्वोच्च अदालतमा विपक्षीको पुनरावेदन परी झगडिया झिकाउने आदेश भएको अवस्थामा उक्त फाइल सम्वन्धित पुनरावेदन सम्वन्धी कार्यवाही उठाउने सरकारी वकीललाई नै तोक्नु पर्ने ।
- पुनरावेदन गर्ने वा नगर्ने निकासाको लागि महान्यायाधिवक्ताज्यूबाट अधिकार प्रत्यायोजन हुँदा ठाउको आधारमा नभै मुद्दाको गंभीरता एवं अपराधका प्रकृतिका आधारमा भएमा उपयुक्त हुने ।
- सर्वोच्च अदालतवाट कुनै नयाँ नजिर वा आदेश भएको खण्डमा सो वहस गर्ने सरकारी वकीलले अन्य सरकारी वकीललाई जानकारी गराउने परिपाटि विकास गर्ने तथा अन्य आवश्यक छलफल समेत महान्यायाधिवक्ताज्यूको उपस्थितिमा गर्ने ।
- मुद्दामा पुनरावेदन वा दोहोऱ्याउने निवेदन गर्दा मुद्दाको लागि मुद्दा थप्ने कार्य नगरी ठोस आधार प्रमाण र कानूनको त्रुटी वा व्याख्या हुने भए मात्र गर्ने जसबाट मुद्दाको असफलताको परिणाम घट्ने छ ।
- स.मु.स.ऐन २०४९ मा अनुसन्धान अधिकृत र अभियोजन गर्ने छुट्टा छुट्टै निकाय भएकोले समन्वयको अभाव तथा Accountable बनाउनु पर्ने भएकोले प्रहरीको मुद्दा अनुसन्धान शाखा प्रत्यक्षरुपमा सरकारी वकीलको मातहतमा राख्नु प्रभावकारी हुन्छ । यसवाट शुरु जाहेरी दर्ता देखि मुद्दा फैसलासम्म अभियोजन पक्षको पूर्ण जिम्मेवारी रहन सक्ने हुन्छ ।

- यदि प्रहरी अनुसन्धान इकाई सरकारी वकीलको नियन्त्रणमा नरहने हो भने मुद्दामा आवश्यक निर्देशन पालन नगर्ने अनुसंधान अधिकृतलाई विभागिय सजायको लागि लेखी पठाउन सक्ने गरी सरकारी वकीललाई अधिकार दिई कानूनमा स्पष्ट व्यवस्था गर्नु पर्दछ ।
- जाहेरी दर्खास्त दर्ता नगरेको अवस्थामा सरकारी वकीलले दर्ता गर्ने निर्देशन दिन सक्ने गरी व्यवस्था हुनु पर्दछ ।
- सर्वोच्च अदालत तथा मातहतका अदालतवाट फैसलाको नक्कल र आदेशको प्रतिलिपी सम्वन्धित अदालतवाटै उपलव्ध गराउने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्दछ ।

**यसरी नै बहस व्यवस्थापनका सन्दर्भमा आन्तरिक अध्ययन समितिले देहायका सुझावहरु दिइएको** [32]

- Leading cases हरुमा Lead lawyers team गठन गर्ने र Team वहसको Concept कार्यान्वयन गर्ने (ठूलो संवैधानिक Issue, सार्वजनिक हित सम्वन्धी र संगीन प्रकृतिका मुद्दाहरुमा यो व्यवस्था कार्यान्वयन गरिनु उपयुक्त हुन्छ । भष्ट्राचार सम्वन्धी चर्चित मुद्दाहरु र अदालतले महत्व दिएर फुलवेन्च वा विशेष इजलासमा पेश हुने मुद्दाहरुमा पनि यो व्यवस्था प्रभावकारी हुन सक्दछ । Full Bench/Special Bench मा वहस पैरवीको लागि सरकारी वकील वा सम्वन्धित महाशाखाको नायव महान्यायाधिवक्ताको उपस्थिति अनिवार्य गरिनु पर्दछ ।
- मुद्दा तोकेपछि जिम्मेवारी पूरा भएको मानिने महाशाखा प्रमुखहरुलाई परिणाम प्रभाव र असर समेत अध्ययन गर्ने गरी सम्पूर्ण मुद्दाको जिम्मेवारी वहन गर्ने गराउने परिपाटी कायम गर्ने ।
- कुन सरकारी वकीललाई, कुन प्रकृतिका, के कति संख्यामा कहिले मुद्दा हेर्न तोकिएको छ, स्पष्ट खुल्ने गरी अभिलेख राख्ने र त्यस्तो अभिलेख मूल्याकंन समेतको कार्यको लागि महान्यायाधिवक्ता समक्ष सम्वन्धित महाशाखाले प्रमाणित गरी दैनिक विवरण उपलव्ध गराउने व्यवस्था अनिवार्य रुपमा लागु गर्ने ।
- महाशाखा, तथा शाखाहरुमा कर्मचारी दरवन्दी बढाउनु पर्ने ।
- अदालतमा वहश गर्न जाने सरकारी वकील (नायव महान्यायाधिवक्ता, सह-न्यायाधिवक्ता वा उपन्यायाधिवक्ताहरु) प्रत्येकलाई आवश्यकतानुसार अधिकृत, ना.सु. वा खरिदार स्तरका वहस सहयोगी कर्मचारीहरु उपलव्ध गराउने ।
- उल्लेखित सरकारी वकीलहरुलाई घरमा तयारी अध्ययनका लागि मुलुकी ऐन, ऐन -नियम सेटहरु, कानून पत्रिका एवं वुलेटिनहरु एकसेट निजी रुपमा राख्न पाउने गरी कार्यालयबाट उपलव्ध गराउनु पर्ने ।
- पेशीमा चढेका मुद्दाहरु कम्तीमा तीन दिन अगावै वहस कर्ता लाई उपलव्ध गराउंनै पर्ने परिपाटीको विकास गर्ने ।
- अदालतबाट आदेश वा फैसला प्राप्त भएपछि वहस गर्ने सम्बन्धित सरकारी वकीललाई सम्वन्धित शाखाले अनिवार्य रुपमा देखाई सम्वन्धित सरकारी वकीलवाट फैसला अध्ययन भए पछि मात्र फाइल फिर्ता गर्ने तर्फ कारवाही गर्नुपर्ने ।

[32] उही पृष्ठ १२-१३

- वहस सहयोगी कर्मचारीको कार्य विवरण तयार गरी तत्काल लागु गर्ने ।
- प्रत्येक हप्ता एकपटक सरकारी वकीलहरुको कार्य समीक्षा वैठक बस्ने । वहसका क्रममा उठेका समस्या, प्रतिपादित नयँ सिद्धान्त, कार्यालयमा परेका समस्या र इजलासमा व्यहोरीएका समस्या एवं उठाइएका जिज्ञासा वारेमा एक आपसमा विचार आदान प्रदान गरी कार्यसम्पादन स्तर अभिवृद्धि गर्ने ।
- वहस गर्न जाने सरकारी वकीलहरुको न्यूनताले गर्दा मुद्दाको तयारीमा ज्यादै असर पुगेको हुँदा मुद्दाको संख्या र चापलाई दृष्टिगत गरी सरकारी वकील र अन्य जनशक्ति थप गर्नु पर्ने ।
- सर्वोच्च अदालतवाट प्रतिपादित कानूनी सिद्धान्त (नजिर) लाई विषयगत रुपमा अध्यावधिक गरी महाशाखागत रुपमा उक्त रेकर्ड बनाई राख्ने । यसको लागि २ वा ३ जना Officer लाई निश्चित समयावधि तोकि फैसलाहरु Up to date गर्न लगाउने बारेमा प्रवन्ध मिलाउन उपयुक्त हुने ।
- रा.प.विशिष्ट श्रेणीका कर्मचारीलाई समेत निजी सहायक राख्ने व्यवस्था र स्थानको अभाव हुदा नायव महान्यायाधिक्ता आफैले फाइल किताब खोज्ने लगायतको काम गर्नु पर्ने हुदा दरबन्दी कम भएको भए दरबन्दी र कोठा समेतको उचित व्यवस्था मिलाउनु पर्ने ।

## थप सुझाव

माथि उल्लेख गरिएका सुझावहरु कार्यान्वयन गरिनु जरुरी छ । यसका साथै प्रभावकारी मुद्दा र बहस ब्यबस्थापनका लागि देहायका सुझावहरु समेत प्रस्तुत गरेको छु ।

- सरकारी वकीलहरुको स्वतन्त्रता, सक्षमता र सेवाका शर्त सम्बन्धी बिभिन्न अन्तर्राष्ट्रिय मापदण्डहरु विकसित भएका छन् ।[33] ती सबै मापदण्डहरुलाई आत्मसात गर्ने गरी सरकारी वकीलको ब्यबसायिक स्वतन्त्रता, सक्षमता र सेवा शर्त सम्बन्धी कानुनी ब्यबस्था गर्ने ।
- रणनीतिक योजनाको निर्माण र कार्यान्वयन ।
- साक्षी संरक्षण लगायत कार्यसम्पादनमा अभाव महसुस भएका बिषयमा कानुनको निर्माण गर्ने ।

[33] यस्ता मापदण्ड देहायका अन्तराष्ट्रिय दस्ताबेजमा ब्यबस्थित छन् :

- Guidelines for the Role of Prosecutors (1990) adopted by the Eighth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders;
- Standards of Professional Responsibility and Statement of the Essential Duties and Rights of Prosecutors (1999) - International Association of Prosecutors as recognised and promulgated by the United Nations Commission on Crime Prevention and Criminal Justice in April 2008;
- Council of Europe Recommendation 19 (2000) on the Role of the Public Prosecution in the Criminal Justice System;
- The Budapest Guidelines (2005) adopted by the Conference of Prosecutors General of Europe;
- The Farquharson Guidelines: The Role and Responsibilities of the Prosecution Advocate (2002);

- दण्ड र पुरस्कारलाई मुद्दाहरुमा भएको अनुसन्धान, अभियोजन, बहस पैरवी, मस्यौदाहरुको तर्जुमासंग आवद्ध गर्ने र उपल्लो अड्डाबाट देखिएका त्रुटीहरुलाई अभिलेखिकरण गर्दै सम्बन्धित सरकारी वकीललाई जानकारी दिने ।
- समय ब्यस्थापनको पक्षलाई सदैव ख्याल गर्ने ।
- हाल महान्यायाधिवक्ता कार्यालयमा रहेका महाशाखा तथा शाखाहरु समयानुकुल नरहेकाले कार्यविशिष्टिकरण र अहिले देखिएका नयाँ प्रकृतिका अपराधलाई समेत समेट्ने गरी पुनराबलोकन गर्ने ।
- अत्यधिक कार्यबोझ न्यून गर्न दरबरन्दी बढाउने ।
- हालका तालीमहरु गोश्वारा किसिमका भएकाले सरकारी वकीलको आवश्यकता र सेवाको प्रकृति अनुसारको बिशेष किसिमको गराउन तालिम सम्बद्ध निकायमा प्रस्ताव पठाउने ।
- हप्ताको एक दिन मुद्दा सम्बन्धमा सरकारी वकीलहरुबीच र महिनाको एकपटक ब्यबस्थापनका बिषयमा कर्मचारीहरुबीच सबै तहका कार्यालयमा छलफल गर्ने ।
- अनुरोध बिना कुनै पनि निकायको प्रतिरक्षा नगर्ने ।
- प्रतिरक्षा गरिने मुद्दामा सम्बन्धित निकायका सम्बद्ध पदाधिकारीलाई बहस पूर्व डाकी मुद्दाबारे बिस्तृत जानकारी लिने परिपाटि बनाउने र अटेर गर्नेका हकमा महान्यायाधिवक्ता मार्फत प्रधानमन्त्रीकहाँ लेखि पठाउने ।
- छ महिनाको एकपटक महान्यायाधिवक्ताको कार्यालयबाट सचिवहरुलाई डाकी छलफल गर्ने परिपाटी विकास गर्ने ।
- सरकारी वकील रहेको निकायबाट त्यहाका सरकारी वकीललाई पनि सयुक्त रुपमा वहसमा लैजाने परिपाटि विकास गर्ने ।
- महान्यायाधिवक्ता कार्यालमा फाईल ब्यबस्थापन, रेकर्ड ब्यबस्थापन निकै अब्यबस्थित भएकोले त्यसलाई तत्काल सुधार गर्ने र फाईल ब्यबस्थापनमा संलग्न कर्मचारीलाई सोहि बिषयको तालीमका लागि तालिम दिने निकायमा अनुरोध गर्ने ।
- हरेक तहमा मिसिलको टिपोट अनिबार्य गर्ने ।
- सरकारी वकील कार्यालयसंग सरोकार राख्ने महत्वपूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नजिर, कानुन, राजपत्रहरुको सूचना संजाल निर्माण गर्ने तथा सबै सरकारी वकील कार्यालयबीच बिद्युतीय संचारलाई प्रबर्द्धन गर्ने ।
- अन्तरमहाशाखा संचार कायम गर्ने ।
- परिणामका आधारमा करिब निस्कृय रहेको समन्वय समितिलाई नीति विश्लेषण र सुधारको प्रभावकारी संयन्त्रको रुपमा विकास गर्ने

२०६७। २। २७ धन्यबाद

अनुसूची १

**Table 93. Comparative, detailed table of judges and prosecutors salaries in 2006, in € (Q114)**

| Country | Country Gross annual salary of a first instance professional judge at the beginning of his/her career | Gross annual salary of a judge of Supreme Court or of the highest appellate court | Gross annual salary of the prosecutor at the beginning of his/her career | Gross annual salary of a public prosecutor of the Supreme Court or of the highest appellate court |
|---|---|---|---|---|
| Andorra | 67 581 | 36 430 | 67 581 | 100 100 |
| Austria | 43 393 | 105 251 | 46 073 | 105 251 |
| Azerbaijan | 7 176 | 11 968 | 3 436 | 7 540 |
| Belgium | 56 487 | 122 196 | 56 487 | 122 169 |
| Bosnia and Herzegovina | 24 024 | 41 223 | 24 024 | 41 223 |
| Bulgaria | 5 676 | 11 136 | 5 676 | 11 136 |
| Croatia | 22 930 | 52 054 | 22 930 | 52 054 |
| Czech Republic | 21 838 | 42 760 | 18 438 | 39 579 |
| Denmark | 91 904 | 130 341 | 40 269 | 80 537 |
| Estonia | 24 840 | 34 115 | 15 384 | 23 846 |
| Finland | 50 000 | 105 000 | 35 000 | 63 000 |
| France | 35 777 | 105 317 | 35 777 | 105 317 |
| Georgia | 4 320 | 8 580 | 5 184 | 6 192 |
| Germany | 38 829 | 86 478 | 38 829 | 86 478 |
| Greece | 33 226 | 73 716 | 33 226 | 73 716 |
| Hungary | 30 430 | 42 154 | 30 430 | 42 154 |
| Italy | 37 454 | 122 278 | 37 454 | 122 278 |
| Latvia | 13 677 | 31 686 | 15 257 | 29 689 |
| Lithuania | 14 816 | 30 852 | 12 286 | 27 366 |
| Luxembourg | 76 607 | 140 201 | 76 607 | 140 201 |
| Malta | 27 524 | 32 480 | 24 873 | 32 630 |
| Moldova | 2 352 | 4 390 | 2 165 | 2 502 |
| Monaco | 41 238 | Compensations | 41 238 | 118 616 |
| Montenegro | 14 760 | 19 005 | 14 760 | 21 994 |
| Netherlands | 70 000 | 115 000 | 85 000 | 115 000 |
| Poland | 14 904 | 37 403 | 14 904 | 37 403 |
| Portugal | 33 477 | 80 478 | 33 477 | 78 134 |
| Romania | 6 936 | 34 082 | 7 936 | 28 153 |
| Russian Federation | 14 967 | 35 220 | 9 523 | 24 982 |
| Serbia | 13 991 | 22 258 | 13 991 | 22 258 |
| Slovakia | 18 995 | 27 438 | 17 299 | 26 458 |
| Slovenia | 23 736 | 48 660 | 26 016 | 48 036 |
| Spain | 45 230 | 115 498 | 45 230 | 115 498 |
| Sweden | 96 500 | 152 000 | 64 500 | 143 500 |
| Switzerland | 88 044 | 204 968 | 73 062 | 131 000 |
| Turkey | 17 251 | 28 988 | 17 251 | 28 988 |
| FYROMacedonia | 12 165 | 14 870 | 12 165 | 14 870 |
| | | | | |